# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मा,पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं. :

### सहकारी संस्थाहरुको विघटन/दर्ता खारेजी सम्बन्धी सूचना

प्रकाशन मितिः २०८३/०५/०२

कुश्मा नगरपालिका क्षेत्राधिकार भई संचालनमा रहेका सहकारी संस्थाहरु मध्ये निष्कृय रुपमा रहेका तथा आर्थिक कारोवार नगरेका सहकारी संस्थाहरुले कुश्मा नगरपालिका सहकारी ऐन, २०७४ को दफा ६६ को उपदफा १ बमोजिम सहकारी संस्था विघटन र दर्ता खारेजी गर्ने सम्बन्धमा सम्बन्धीत सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

लगातार दुई वर्ष सम्म कुनै कारोवार नगरी निष्कृय रहेको अवस्था भएमा र साधारण सभाको तत्काल कायम रहेको दुई तिहाई बहुमत सदस्यहरुको निर्णयबाट संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि ईच्छुक संस्थाहरुले तपसिल बमोजिमका कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्न सक्नेछ ।

<u>तपसिल</u>

१. संस्थाको लेटर प्याडमा सहकारीको विघटन/दर्ता खारेजी सम्बन्धी निवेदन,
२. व्यवसाय कर तथा बहाल कर चुक्ताको प्रमाणपत्र,
३. कर चुक्ताको प्रमाणपत्र (आन्तरिक राजस्व कार्यालयबाट)
४. साधारणसभाबाट दुई तिहाई सदस्यहरुले संस्थाको विघटन/दर्ता खारेज गर्ने निर्णयको प्रमाणित प्रतिलिपि,
५. शेयर सदस्य, ऋणी तथा बचतकर्ताको विवरण
६. हाल सम्मको संचालक समितिको तीन पुस्ते विवरणको प्रमाणित प्रतिलिपि,
७. अन्तिम लेखा परिक्षण प्रतिवेदन,
८. ऋण लगानी बाहेकका अन्य चल/अचल सम्पतीको विवरण ।

२०८३/०५/०१
किरण पौडेल
प्रमुख प्रशासकीय अधिकृत